# अर्थ



{ जोशीले नेपाल राष्ट्र बैंकको नीति निर्देशन तथा ऐन कानुन विपरित तलबभत्ता लगाएको विभिन्न शीर्षकमा आफूखुशी ७ लाख ४४ हजारभन्दा बढी रकम भुक्तानीसमेत लिएका थिए। निर्धारित हदभन्दा बढी संस्थाको शेयर धारण गरेका जोशीलाई नियामक निकायको निर्देशनको अवज्ञा हुने गरी मिलेमतोमा सञ्चालक समितिको प्रमुख कार्यकारी पदमा नियुक्त गरी अनियमितताको श्रृङ्खला शुरु गरिएको प्रहरीले जनाएको छ।

ज्योति
हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला। तौलमा हुक र चुरा समावेश छ।

RHINO GUARANTEED DUCTILITY 500D

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ९२।९० | ८९।९० | ९२।९० | ९२।९० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ९३।५० | ९०।५० | ९३।५० | ९३।५० |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |
| पोखरा, स्याङ्जा | ९४।५० | ९१।५० | ९४।५० | ९४।५० |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695, 9855061366), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151, 9855021918), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450), Sindhuli (9854026965, 9851004153), Pathari (9852048341)

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com

"Personal Touch for Success"
शेयर तथा बचत (निक्षेप) मा हकदाबी गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना
(नेपाल समाचार पत्र दैनिकमा मिति २०७५/०३/१७ गते आइतवार प्रकाशित)
यस संस्थाका सदस्य श्री लक्ष्मीलाल श्रेष्ठको मिति २०७४/११/२८ मा मृत्यु भएकोले निजको नाममा यस संस्थामा रहेको शेयर, बचत (निक्षेप) लगायतका सम्पूर्ण रकमहरु मेरो नाममा भुक्तानी गरी पाउँ भनी निज मृतककी एकासगोलको श्रीमती अहल्या श्रेष्ठबाट मिति २०७५/०३/०३ मा यस संस्थामा निवेदन पेश भएकोले निज बाहेक अन्य कोहीको उपरोक्तानुसारको रकममा हकदावी भए आवश्यक प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र संस्थामा सम्पर्क गर्न आउनहुन अन्यथा निबेदकको माग दावी अनुसार भै जाने ब्यहोरा यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइन्छ।
सुप्रिम बचत तथा ऋण सहकारी संस्था लि.
Supreme Saving and Credit Co-Operative Ltd.
Head Office: Kumaripati-19, Lalitpur, Tel: 55 29 221, 50 08 613
Member Service Centre: Purano Baneshwor, Ktm., Tel: 01-44 89 660
Email: savingsupreme@yahoo.com, Website: www.supremesaving.com.np
"Always Superior in Saving & Credit"

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ असार १७, जुलाई १, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।२५ | १०९।८५ |
| युरो १ को रू. | १२७।३१ | १२८।०१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४३।६४ | १४४।४३ |
| स्विस फ्रन्क १ को रू. | ११०।०२ | ११०।६३ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।६३ | ८१।०७ |
| क्यानाडियन डलर १ को रू. | ८२।४५ | ८२।९१ |
| सिङ्गापुर डलर १ को रू. | ८०।०९ | ८०।५३ |
| जापानी यन १० को रू. | ९।८७ | ९।९३ |
| चिनियाँ युआन १ को रू. | १६।५१ | १६।६० |
| साउदी अरब रियाल १ को रू. | २९।१३ | २९।२९ |
| कतारी रियाल १ को रू. | ३०।०१ | ३०।१७ |
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।७४ | २९।९१ |
| मलसियन रिङ्गिट १ को रू. | २७।०५ | २७।१९ |
| दक्षिण कारियन वन १०० को रू. | ९।८१ | ९।८७ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१९ |
| डेनिस क्रानर १ का रू. | १७।०८ |
| हङकङ डलर १ का रू. | १३।९२ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पोखरा विमानस्थलको १२ प्रतिशत काम पूरा

नेपाल समाचारपत्र
काठमाडौं

त्रिभुवन विमानस्थलको वैकल्पिक विमानस्थलको रुपमा निर्माणधीन रहेको पोखरा विमानस्थलको १२ प्रतिशत काम पूरा भएको छ। सन् २०२१ को जुलाई १० मा सम्पन्न गर्ने उद्देश्यका साथ शुरू गरिएको विमानस्थलको हाल रनवेमा माटो भर्ने काम भइरहेको छ।

रनवेमा करिव ८ लाख घनमिटर मोटो भर्ने काम सकिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना कार्यान्वयन इकाईका प्रमुख बिनेश मुनकर्मीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो- 'करिब ४५ प्रतिशत माटो भर्ने काम पूरा भएको छ।' विमानस्थलको पूर्वी भागमा माटो भर्ने काम भइरहेको छ। ७ महिनाको अवधिमा आयोजनाले यो लिएको गति सम्रग कामको मूल्याङ्कन गर्दा कुल कामको १२ देखि १५ प्रतिशत काम रहेको प्रमुख मुनकर्मीको भनाइ छ। कुल ३७ सय रोपनीमा निर्माण हुन लागेको विमानस्थल सरकारको राष्ट्रिय गौरवका आयोजनामध्येको एक रहेको छ।

चिनियाँ कम्पनी सीएएमसी इन्जिनियरिङले निर्माण सम्पन्न गर्ने ठेक्का पाएको आयोजनाको चिनियाँ सरकारको नै सहुलियत ऋणमा विमानस्थल बन्न लागेको हो। करिब २२ अर्बको रुपियाँ लागतमा निर्माण गर्न लागिएको आयोजनाको पेरीफेरीको लागि ६० रोपनीको मुआब्जा वितरण गर्ने काम पनि भइरहेको विमानस्थल आयोजनाले जनाएको छ। इपीसी मोडेलमा निर्माण गर्न लागिएको विमानस्थलको समय सीमाभन्दा ६ महिना अगावै निर्माण समापन हुने बताइएको छ।

हाल १ सय ७० जनाभन्दा बढी कामदार आयोजनाको लागि २ दर्जनभन्दा बढीका ह्याभी इक्वीपमेन्ट आयात भइसकेको छ। त्यस्तै २० डोजर २० स्काभेटरले आयोजना निर्माणको काम गरिरहेको छ। प्राविधिक ५० जनाको समूहमा ३० चिनियाँसहित २० नेपाली प्राविधिकले विमानस्थलको निर्माणमा तीव्रता दिइरहेका छन्। यता निर्माणका लागि हाल चीनबाट ३६ टिपर, ड्रिल मेसिनलगायतका सामग्री आयात भइसकेको छ। हालसम्म २ अर्ब रुपियाँ बराबरको काम पूरा भएको छ।

निर्माणाधीन विमानस्थलको धावनमार्ग २ हजार ५ सय मिटरको हुनेछ भने ६० मिटरको चौडाइ रहेको छ। अन्तर्राष्ट्रिय नागरिक उड्डयन संस्था (आइकाओ) को नियमअनुसार फोरडी मोडलमा निर्माण भएपछि विमानस्थलमा बोईङ र एयर बसले उडान भर्ने छन्। आयोजना कार्यान्वयन इकाईका प्रमुख मुनकर्मीका अनुसार हाल विमानस्थलमा पार्किङ टर्मिनल विल्डिङ सबवे ट्र्याक्सी वेको काम भइरहेको छ। निर्माणस्थलमा कडा माटो भएकाले काम गर्न कठिन भएको छ। शिल्यान्यास भएको करिब १६ महिनापछि काम शुरू भए पनि गत नोभेम्बरबाट माटो काट्ने र सम्याउने काम थालिएको थियो। अन्तर्राष्ट्रिय टर्मिनल १० हजार, आन्तरिक टर्मिनल ४ हजार र कन्ट्रोल टावर १५ सय स्क्यार मिटरको निर्माण हुनेछ।

## उद्योगलाई अल्टिमेटम

हेटौंडा, (नेस)

उद्योगले मजदूरलाई अन्य जिल्लामा सरुवा गरेपछि मजदूरले आपत्ति जनाएका छन्। उनीहरूले उद्योगले 'धम्कीपूर्ण व्यवहार' देखाएको भन्दै उद्योगलाई अल्टिमेटमपत्र बुझाएका छन्।

औद्योगिक क्षेत्रमा रहेको प्रोजिओकेभ उद्योगमा अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदुर संघले अल्टिमेटमपत्र बुझाएको हो। अल्टिमेटमपश्चात् उनीहरूले शान्तिपूर्ण प्रदर्शन गरेका छन्। पत्रमा उद्योगले मजदुरहरूसँग छलफल नगरी प्लान्ट अन्यत्र जिल्लामा सार्ने भन्दै उद्योगले जेठ ३१ गते मजदूरलाई जानकारी गराएको थियो। सोही पत्रका अनुसार २४ मजदूरमध्ये १६ जनालाई बाराको परवानीपुरमा सरुवा गरी त्यहीं काम गर्न निर्देशन दिइएको संघले गुनासो गरेको छ।

हेटौंडामा हाल कार्यरत मजदूरलाई अन्य जिल्लामा पठाउन खोजिएकाले अन्य जिल्लामा सरुवा नगर्न मजदूरहरूको माग गरेका छन्। अखिल नेपाल क्रान्तिकारी औद्योगिक मजदूर संघ प्रोजियोकेभ प्रालि एकाई अध्यक्ष थलप्रसाद गौतमले कम्पनीले विभिन्न बहानामा मजदूरलाई रोजगारमुक्त गराउन खोजेको दाबी गर्नुभयो। उहाँले अब पूर्णरुपमा आन्दोलनमा जाने बताउनुभयो। मजदुरले अन्य जिल्लामा गएर काम गर्दा कम्पनीको तलबले धान्न सास्ती हुने भएकाले हेटौंडाका मजदूरलाई यहीं राख्न मकवानपुर प्रशासन र श्रम कार्यालयमा आग्रह गरेका छन्।

## मरिच तस्करीको आरोपमा व्यवसायी पक्राउप्रति उद्योग वाणिज्य संघ रुष्ट

वीरगन्ज, (नेस)

वीरगन्ज नाकाबाट छाला निकासी भन्दै भारततर्फ मरिच लैजान खोजेको आरोपमा राजस्व अनुसन्धान विभागले वीरगन्जका उद्योगी सञ्जय अग्रवाललाई हिरासतमा लिएको चार दिनपछि वीरगन्जका एक अर्का व्यवसायी उत्तम अग्रवाल (पटवारी) पनि हिरासतमा लिएको छ।

राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय पथलैयाले राजस्व अनुसन्धानको सिलसिलामा केही कुरा बुझ्नु पर्ने भएकोले पत्र प्राप्त भएको मितिले २४ घण्टाभित्र राजस्व अनुसन्धान विभाग, हरिहर भवन, ललितपुरमा सम्पर्क राख्ने भन्ने व्यहोराको पत्र साँझको समयमा ७ जनाको टोली आएर स्थानीय व्यवसायी उत्तम अग्रवाल (पटवारी) लाई उपस्थित हुन पत्र थमाएर पक्राउ गरेको हो।



गत जेठ २१ गते वीरगन्जको मुल नाका पार भएर भारततर्फ प्रवेश गर्न लागेको भारतीय नम्बरको ट्रकमा १२ मेट्रिकटन मरिच बरामद भएको थियो।

छाला निकासी गर्ने भन्दै कागजात बनाएर मरिच तस्करी गरेको पोल खुलेपछि यसको असुन्धानमा विभागले हात हालेको थियो। तर, भन्सारका कर्मचारीलाई अहिलेसम्म विभागमा उपस्थित गराइएको छैन। प्रक्रिया नपुर्‍याइएको प्रज्ञापनपत्रमा वीरगन्ज भन्सारका अधिकृत उद्धव ढुंगानाको हस्ताक्षर छ। मरिच बोकेको ट्रकका चालक र भन्सार एजेन्ट दिलीप श्रीवास्तवलाई पनि हिरासतमा लिएको छ।

प्रज्ञापनमा उल्लेख भएको युपी ७८ बीटी ३८०४ नम्बरको ट्रकमा मरिच बरामद भएको थियो। अग्रवालले मरिच तस्करीमा आफ्नो संलग्नता अस्वीकार गरेका छन्। यता वीरगन्ज उद्योग वाणिज्य संघले उत्तम अग्रवाल (पटवारी) पक्राउको विरोधमा संघका अध्यक्ष ओम प्रकाश शर्माले विज्ञप्ति जारी गर्दै व्यापारीमाथि कुनै न कुनै कारणले धडपकड बढेको भन्दै आपत्ति जनाएका हुन्।

## कारको सिटमुनिबाट भारु नोटको चाङ

सीताराम चौधरी, कपिलवस्तु






कारको सिटमुनी लुकाएर अवैध रुपमा भारतबाट नेपाल भित्र्याउन लागेको १३ लाख १३ हजार ६६० भारतीय रुपियाँ नेपाल प्रहरीले कपिलवस्तुको कृष्णनगर-२ लिंकगेटबाट बरामद गरेको छ। साथै प्रहरीले कार र दुई जना मानिसलाई समेत नियन्त्रणमा लिएको छ। भारतको हरियाणाबाट काठमाडौंतर्फ जान लागेको एचआर ०८ एक्स ६०८८ नम्बरको टोयटा कारलाई चेकजाँचका क्रममा सो रकम फेला परेको हो।

इलाका प्रहरी कार्यालय कृष्णनगरका प्रहरी निरीक्षक सूर्य बोगटी र लिंकगेटका प्रहरी नायब निरीक्षक पवन पछाई नेतृत्वको संयुक्त टोलीले शंका लागेर कारमा चेकजाँच गर्दा ठूलो परिमाणको भारतीय नोट भेटिएको प्रहरीले जनाएको छ। लिंकगेटमा रोकिएको कारमा चेकजाँच गर्न लाग्दा चालक भारतको पञ्जाब बस्ने लावसिंह हेण्डिल लक गरी फरार भएपछि प्रहरीलाई शंका लागि कारभित्र खानतलास गर्दा सिटमुनि लुकाएको अवस्थामा भारतीय नोट फेला पारेको लिंकगेटका प्रहरी नायब निरीक्षक पवन पछाईले जानकारी दिनुभयो।

भारतबाट बढीमा २५ हजार भारतीय नोट मात्र नेपाल ल्याउन पाइने कानुनी प्रावधान भए पनि ठूलो परिमाणमा भारतीय नोट नेपाल भित्र्याएकाले नोट बरामद गरिएको प्रहरी निरीक्षक सूर्य बोगटीले बताउनुभयो।

सिटमुनी रकमका बिटो चाङ लगाएर राखेको देखेपछि कारमा सवार दुई जनालाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको प्रहरी निरीक्षक बोगटीले जनाउनुभयो। चाबी लिएर चालक नै फरार भएपछि कारलाई जेसीबीले तानेर प्रहरी परिसरसम्म ल्याएको प्रहरी निरीक्षक बोगटीले बताउनुभयो। जिल्ला प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी उपरीक्षक मनोज कुमार यादवसहितको रोहबरमा कारबाट रकम झिकी गणना गरिएको थियो। प्रहरीका अनुसार कारको सिटमुनीबाट १२ लाख ४० हजार १२० रुपियाँ र दुई जनाबाट ७३ हजार ५ सय भारतीय नोट बरामद गरिएको थियो। 'चेकजाँचका क्रममा दुई हजारका १८ वटा नोट, ५ सयका २४ गड्डी र ७५ वटा नोट, २ सयको १ गड्डी, एक सयको २ गड्डी, ५० को २ वटा र १० को ६ वटा नोट भेटियो' - प्रहरी निरीक्षक बोगटीले भन्नुभयो।

नोट ओसारपसारमा संलग्न दुई जना र कारलाई नियन्त्रणमा लिई अनुसन्धान प्रक्रिया अगाडि बढाइएको बोगटीको भनाइ छ। कारमा सवार भारतको कैदेल हरियाणा घर बताउने ४२ वर्षे राजेन्द्र जाड र नेपालको कञ्चनपुर गैरीगंगा नगरपालिका ६, बनभेडा घर भई भारतको हरियाणास्थित होटल सञ्चालन गर्ने ४६ वर्षे महेन्द्र ओझालाई विशेष अनुसन्धानका लागि नियन्त्रणमा लिएको प्रहरी निरीक्षक बोगटीले बताउनुभयो।



> सडक फराकिलो बनाउन गिरीचोक नजिकको पहरोमा अब एक हप्तामा काम सकिने बोहराले बताउनुभयो। उनले लामा कन्ट्रक्सनसँग समन्वय गरेर काम गर्ने बताउनुभयो।

# अर्थ

# कसरी हुन्छ १५ दिनमा ३० प्रतिशत बजेट खर्च ?

## पुँजीगत खर्चको अवस्था झन् खस्कँदो

**हेमन्त जोशी, काठमाडौं**

चालू आर्थिक वर्ष सकिन २ हप्तामात्रै बाँकी रहँदा सरकारले करिब ४ खर्ब रुपियाँ खर्च गर्न सकेको छैन। असार १५ गतेसम्म चालू आर्थिक वर्षका लागि कुल विनियोजित बजेटको ७० प्रतिशत रकम मात्रै खर्च भएको छ।

सरकारले चालू आर्थिक वर्षका लागि लिएको बजेट खर्चको लक्ष्य पुऱ्याउन १३ दिनमा ३ खर्ब ७७ अर्ब ३५ लाख रुपियाँबराबर खर्च गर्नुपर्ने महालेखा नियन्त्रक कार्यालयको तथ्यांकले देखाउँछ। उक्त तथ्यांकअनुसार लक्ष्यअनुसार बजेट खर्च गर्न दैनिक २९ अर्ब २ करोड ७० लाख रुपियाँ बराबर खर्च गनुपर्ने देखिन्छ। चालूगततर्फ विनियोजित बजेटभन्दा पुँजीगततर्फ विनियोजित रकमको खर्च विवरण निकै कम देखिएको छ। चालूगततर्फ ८ खर्ब ३ अर्ब रुपियाँ बराबर विनियोजन गरिएकोमा १ खर्ब ६१ अर्ब १७ करोड ७१ लाख रुपियाँ बराबर खर्च हुन सकेको छैन।

त्यसैगरी पुँजीगततर्फ ३ खर्ब ३५ अर्ब रुपियाँ विनियोजन भएकोमा १ खर्ब ५९ अर्ब ३३ करोड रुपियाँ खर्च हुन सकेको छैन। वित्तीय व्यवस्थापनतर्फ १ खर्ब ४० अर्ब रुपियाँ विनियोजन भएकोमा ५६ अर्ब ४८ करोड ८२ लाख रुपियाँ खर्च हुन सकेको छैन।

असारअघि नै सरकारले ३ खर्ब ७७ अर्ब ३५ लाख रुपियाँ खर्च गर्नुपर्ने देखिएको छ। चालूगततर्फ करिब ८० प्रतिशत बजेट खर्च भइसकेको देखिए पनि पुँजीगततर्फ भने कुल विनियोजित बजेटको आधा रकम खर्च हुन सकेको छैन। चालू आर्थिक वर्षमा सरकारले चालूगततर्फ ८ खर्ब ३ अर्ब ५३ करोड ३६ लाख ५४ हजार रुपियाँ खर्चको लक्ष राखिएकोमा ६ खर्ब ४२ अर्ब ३५ करोड ४३ लाख ६७ हजार रुपियाँ बराबर खर्च भएको छ। जुन रकम चालूगत खर्चमा वार्षिक लक्ष्यको ७९ दशमलव ९४ प्रतिशत बराबर हो।

चालू आर्थिक वर्ष सकिन केही दिन मात्रै बाँकी रहँदा पुँजीगत खर्च सरकारले तोकेको सीमाभन्दा निकै तल रहने देखिएको छ। पुँजीगत खर्चतर्फ ३ खर्ब ३५ अर्ब १७ करोड ५९ लाख ७० हजार रुपियाँ बराबर खर्चको लक्ष्य राखिएको भए पनि करिब आधा मात्रै अर्थात् १ खर्ब ७५ अर्ब ८३ करोड ७७ लाख २३ हजार रुपियाँ खर्च भएको छ। जुन रकम वार्षिक लक्ष्यको ५२ दशमलव ४६ प्रतिशत बराबर हो।

त्यसैगरी, वित्तीय व्यवस्थापनतर्फ असार १५ गतेसम्म १ खर्ब ४० अर्ब २८ करोड ७३ लाख ३१ हजार रुपियाँ बराबर खर्च गर्ने सरकारको लक्ष्य थियो। तर, यस अवधिसम्ममा ८३ अर्ब ७९ करोड ९२ लाख ८८ हजार रुपियाँ बराबर मात्र खर्च भएको देखिन्छ। जुन रकम वार्षिक लक्ष्यको ५९ दशमलव ७३ प्रतिशत बराबर मात्रै हो।

आर्थिक वर्षको अन्तिम २ महिनामा अन्धाधुन्ध बजेट निकासा हुने तथा जसोतसो बजेट सक्ने परिपाटी हरेक वर्षजस्तै यस वर्ष पनि दोहोरिएको छ। त्यसको उदाहरणका रुपमा असार २ गतेसम्मको बजेट खर्च ८ खर्ब ६३ अर्ब ११ करोड ३७ लाख ५४ हजार रुपियाँ खर्च भएको देखिन्छ। जसमध्ये चालुगततर्फ ६ खर्ब २२ अर्ब ८९ करोड ८ लाख ३१ हजार रुपियाँ, पुँजीगततर्फ १ खर्ब ६२ अर्ब ८० करोड २३ लाख २५ हजार र वित्तीय व्यवस्थापनतर्फ ७७ अर्ब ४२ करोड ५ लाख ९८ हजार रुपिया खर्च भएको छ।

असार २ गतेदेखि १५ गतेभित्रको अवधिमा सरकारले चालूगततर्फ करिब २० अर्ब रुपियाँ, पुँजीगततर्फ १४ अर्ब रुपियाँ र वित्तीय व्यवस्थापनतर्फ ६ अर्ब ३७ करोड ८७ लाखभन्दा बढी रकम खर्च भएको छ।

विगतका वर्षमा पनि चालूगत खर्च लक्ष्यअनुरुप नै हुने गरे पनि विकास र पूँजीगत खर्च भने न्यून रुपमा हुँदै आएको छ। विगतका वर्षहरूमा असार १५ मा वजेट ल्याउँदा बजेट खर्च कम हुने गरेको भन्ने विषयलाई पनि हालको खर्चको स्थितिले गलत सावित गरिदिएको छ। सरकारी कर्मचारीले खर्च कम हुनुमा निर्धारित समयमा बजेट नआउनुलाई कारण देखाएर चोखिने प्रवृति रहेकोमा पछिल्ला आर्थिक वर्षमा देखिएको बजेट खर्चको स्थितिले कर्मचारीको काम गर्ने परिपाटी र कार्यक्षमता माथि नै प्रश्न खडा गरेको छ।

राष्ट्रिय गौरवका आयोजनामा प्रत्येक वर्ष विनियोजन हुने बजेटको मात्रामा वृद्धि हुँदै गए पनि खर्चको स्थिति सन्तोषजनक छैन। चालू आर्थिक वर्ष सकिन दुई हप्ता जतिमात्रै बाँकी रहँदा विकास खर्च ५० प्रतिशतको हाराहारीमा देखिनुले विकासका कार्यहरूका कत्तिको प्रभावकारी ढंगले काम भईरहको छ भन्ने स्पष्ट पार्छ।

महालेखा नियन्त्रय कार्यालयको तथ्यांक अनुसार असार मसान्तसम्ममा राजस्व संकलन ६ खर्ब ४९ अर्ब ६९ करोड ६३ लाख ९२ हजार अर्थात् कुल लक्ष्यको ८८ दशमलव ९९ राजस्व संकलन भएको छ। चालू आर्थिक वर्षमा ७ खर्ब ३० अर्ब रुपियाँभन्दा बढी राजस्व संकलन गर्ने सरकारको लक्ष्य रहेको छ। यस अवधिमा बजेट घाटा २ खर्ब ५२ अर्ब २९ करोड ४९ लाख ८६ हजार रुपियाँ बराबर रहेको छ।

चालू आर्थिक वर्षका लागि १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख ५५ हजार रुपियाँ विनियोजन भएको थियो। जसमध्ये चालूगततर्फ ८ खर्ब ३ अर्ब ५३ करोड १४ लाख ५४ हजार रुपियाँ अर्थात कुल बजेटको ६२ दशमलव ८ प्रतिशत, पुँजीगततर्फ ३ खर्ब ३५ अर्ब १७ करोड ६० लाख अर्थात कुल बजेटको २६ दशमलव २ प्रतिशत र वित्तीय व्यवस्थापनतर्फ १ खर्ब ४० अर्ब २८ करोड ७४ लाख ३१ हजार अर्थात् कुल बजेटको ११ प्रतिशत विनियोजन भएको थियो।

| बजेट शीर्षक | विनियोजित रकम | असार १५ गतेसम्म खर्च | खर्च हुन बाँकी रकम |
|---|---|---|---|
| चालूगत | ८ खर्ब ३ अर्ब ५३ करोड १४ लाख | ६ खर्ब ४२ अर्ब ३५ करोड ४३ लाख | १ खर्ब ६१ अर्ब १७ करोड ७१ लाख |
| पुँजीगत | ३ खर्ब ३५ अर्ब १७ करोड ६० लाख | १ खर्ब ७५ अर्ब ८३ करोड ७७ लाख | १ खर्ब ५९ अर्ब ३३ करोड ८३ लाख |
| वित्तीय व्यवस्थापन | १ खर्ब ४० अर्ब २८ करोड ७४ लाख | ८३ अर्ब ७९ करोड ९२ लाख | ५६ अर्ब ४८ करोड ८२ लाख |
| जम्मा | १२ खर्ब ७८ अर्ब ९९ करोड ४८ लाख | ९ खर्ब १ अर्ब ९९ करोड १३ लाख | ३ खर्ब ७७ अर्ब ३५ लाख |

- १३ दिनमा ३ खर्ब ७७ अर्ब ३५ लाख रुपियाँ बराबर खर्च गर्नुपर्ने
- पुँजीगततर्फ ५२ दशमलव ४६ प्रतिशत मात्रै खर्च।
- लक्ष्यअनुसार बजेट खर्च गर्न दैनिक २९ अर्ब २ करोड ७० लाख रुपियाँ बराबर गरिनुपर्ने।
- राजस्व संकलन वार्षिक लक्ष्यको करिब ९० प्रतिशत अर्थात ६ खर्ब ४९ अर्ब ६९ करोड ६३ लाख रुपियाँ।

## विश्व बजार

### मजदूरका खर्बपति सन्तान



काठमाडौं, (नेस)

विश्वको सबैभन्दा ठूलो इन्टरनेट सर्च ईन्जिन कुन हो ? भन्ने प्रश्नको उत्तर गुगल हो भन्ने कुरा अधिकांशलाई थाहा हुन्छ। तर, दोस्रो कुन हो भन्ने प्रश्न गरियो भने जो कोहीलाई अलमल हुनसक्छ। विश्वको दोस्रो ठूलो सर्च इन्जिनका रुपमा चिनियाँ कम्पनी बैदुलाई लिइन्छ।

रोबिन ली चीनको सबैभन्दा ठूलो तथा विश्वको दोस्रो ठूलो सर्च इन्जिन बैदुका संस्थापक हुन्। लीको नाम त्यस्ता व्यक्तिहरूको सुचीमा गनिन्छ, जसले आफ्नो परिचय विश्वलाई फरक ढंगले मात्र दिएनन् अधिकांश व्यक्तिलाई लीकै तौर तरिकाले सोच्न पनि बाध्य बनाए। लीले आफ्नो भविष्यप्रति नजरअन्दाज र सही समयमा सही निर्णय गर्न सक्ने क्षमताका कारणले नै आफू सफल भएको बताउँदै आएका छन्। संघर्ष र लगानशीलतालाई उनले कहिल्यै त्यागेनन्। त्यसैको परिणाम हुनसक्छ विश्वका अनलाइन पोर्टलहरूलाई उनीहरूको प्रभावकारिता र प्रयोगकर्ताका आधारमा वर्गीकरण गर्ने 'एलेक्सा रेन्किङ'का अनुसार बैदु चौंथो स्थानमा रहेको छ। बैदुले गुगलले जस्तै सर्च इन्जिनको काम गर्छ।

ली चीनको साङसी प्रदेशमा जन्मिएका थिए। जहाँ उनले आफ्नो बाल्यकालको अधिकांश समय बिताएका थिए। उनका बाबुआमा दुवै कारखानामा काम गर्ने कामदार थिए। उनको अविभावकका ६ जना सन्तानमा ली मात्र छोरा थिए। एक सामान्य कामदारका बाबजुत पनि उनका अविभावकले उनलाई शिक्षाको महत्वका बारेमा बुझाउन सफल भएका कारण नै आफूले केही नयाँ गर्न सकेको लीको बुझाइ छ।

लीले चीनको पेकिङ विश्वविद्यालयमा इन्फरमेसन मेनेजमेन्ट र स्टेट युनिभर्सिटी अफ न्यूयोर्कबाट कम्प्युटर साइन्स पढेका थिए। उनले सन् २००० मा इरिकसँग मिलेर बैदुको स्थापना गरेका थिए। ली २००४ देखि बैदुका प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत छन्। ली सन् २०११ मा एसियन सान्टिस्ट म्यागेजिनमा एसियाका उत्कृष्ट १५ वैज्ञानिकको सूचीभित्र अटाएका थिए। उनी २०१४ अगस्टमा संयुक्त राष्ट्रसंघ सेक्रेटरी जेनरलका रुपमा डाटा रिभोलुसन फर सस्टनेबल डेभलपमेन्ट विभागमा रहेका काम गरेका थिए। लीले सन् १९९४ मा आईडीडी इन्फर्मेसन सर्भिसअन्तर्गतको 'डो जोन्स एन्ड कम्पनी'मा सफ्टवेयर प्रोगाम डेभलपरका रुपमा द वाल स्ट्रिट जर्नलको अनलाइन एडिसन निर्माण गरेका थिए। उक्त कम्पनीमा उनले ३ वर्षसम्म काम गरे भने सर्च इन्जिन इन्हेन्समेन्टका विषयमा व्यवहारिक ज्ञान हासिल गरे। उनले तयार पारेको रेन्कडेक्स टेक्नोलोजीलाई पछि आफ्नै सर्च इन्जिन बैदुमा प्रयोग गरे।

> १ वर्षमै लीको नाम चीनको चीनको उत्कृष्ट १० इनोभेटिभ पायोनियर्सका रुपमा दरियो। सन् २००५ मा आसियन युथ अवार्डबाट सम्मानित भए भने सोही वर्ष उनलाई सीसीटीभी २००५ चाईनिज फिगर अफ् द यअर पनि दिइयो। अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्सका अनुसार लीको सम्पत्ति १४ अर्ब अमेरिकी डलर बराबर रहेको छ।

उनले विश्वको पायोनियर सर्च इन्जिन कम्पनी इन्फोसिकमा सफ्टवेयर इन्जिनियरका रुपमा रहेर पनि काम गरे। इन्टरनेटमार्फत् तस्वीरको खोजी गर्न सकिने प्रविधि जीओ डककमबाट लीले नै पहिलोपटक प्रयोगमा ल्याएका थिए। बैदुका रुपमा आफ्नै सर्च इन्जिन निर्माण गरेपछि उनले आफूले निर्माण गरेको प्रविधिलाई आफ्नै कम्पनीमा प्रयोग गरे। अहिले बैदु चीनको सबैभन्दा ठूलो सर्च इन्जिन कम्पनी हो भने गुगलपछिको दोस्रो ठूलो सर्च इन्जिन हो। बैदु स्थापना भएको १ वर्षमै लीको नाम चीनको चीनको उत्कृष्ट १० इनोभेटिभ पायोनियर्सका रुपमा दरियो। सन् २००५ मा आसियन युथ अवार्डबाट सम्मानित भए भने सोही वर्ष उनलाई सीसीटीभी २००५ चाईनिज फिगर अफ् द यअर पनि दिइयो। अन्तर्राष्ट्रिय पत्रिका फोर्ब्सका अनुसार लीको सम्पत्ति १४ अर्ब अमेरिकी डलर बराबर रहेको छ। ली अर्बपतिको सूचीमा १ सय २४औं स्थानमा र विश्वका शक्तिशाली व्यक्तिहरूको सूचीमा ५८औं स्थानमा रहेका छन्।

*(विभिन्न अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सहयोगमा)*

## अनियमितता गरेको अभियोगमा अध्यक्ष र सीईओ पक्राउ

काठमडौं, (नेस)

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले बैंकिङ कसुरको अभियोगमा ३ जनालाई पक्राउ गरेको छ। सीआईबीले पाल्पा घर भई हाल गोंगबु बस्ने ५७ वर्षीय हिरा विश्वकर्मा, काठमाडौं खिचापोखरी बस्ने ६५ वर्षीय चण्डेश्वरी प्रधान र ललितपुर उपमहानगरपालिका खुमलटार बस्ने ६५ वर्षीय स्वयम्भु राम जोशीलाई पक्राउ गरेको हो।

सामुदायिक लघुवित्त वित्तीय संस्था काभ्रेका सञ्चालक समिति र तत्कालीन प्रमुख कार्यकारी अधिकृत समेतको मिलेमतोमा नियमविपरित निर्णय गराई रकम प्रवाह गरी वित्तीय संस्थालाई २ करोड ५० लाखभन्दा बढी हानी नोक्सानी पुऱ्याएको सीआईबीले जनाएको छ। पक्राउ परेका हिरा विश्वकर्मा उक्त वित्तीय संस्थाका अध्यक्ष, चण्डेश्वरी प्रधान सदस्य र स्यम्भुराम जोशी प्रमुख कार्यकारी अधिकृत हुन्। उनीहरूलाई पक्राउ गरी उच्च अदालत पाटनबाट ७ दिनको म्याद लिई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ बमोजिम अनुसन्धान गरिरहेको छ।

तत्कालीन सीईओ स्वयम्भुराम जोशीको आफ्नै संस्था नेपाल महिला उत्थान केन्द्रलाई आधिकारिक निकायको स्वीकृतिबिना मिलेमतोमा २ करोड ५० लाख रुपियाँ ऋण प्रवाह गरेका थिए।

## नि:शुल्क बोका वितरण





**हरकसिंह धामी, कञ्चनपुर**

कञ्चनपुरमा रहेको राष्ट्रिय प्रकृतिक संरक्षण कोषले नि:शुल्क रुपमा उन्नत जातको नश्लको बोयर बोका वितरण गरेको छ। मध्यवर्ती क्षेत्रमा रहेका ६ समूहलाई राष्ट्रिय प्रकृतिक संरक्षण कोष र युएसयफडब्लुएसको आर्थिक सहयोगमा १३ वटा बोयर प्रजातिको बोकाहरू त्रिपक्षीय सम्झौताको आधारमा गरीव विपन्नन वर्गका कृषकलाई गोला प्रथाका आधारमा वितरण गरिएको हो। वितरण गरिएका १३ वटा बोकामध्ये ३ वटा भीमदत्त नगरपालिकाको शुक्लाफाँट उपभोक्ता समूहका मदनसिह साउथ, वीरबहादुर नेगी र जयराज जोशीलाई प्रदान गरिएको छ।

त्यस्तै २ वटा वेतकोट नगरपालिकाको बेदकोट उपभोक्ता समूहका कृषक लोक पाण्डेय र नवलसिह रावल र महाकाली नगरपालिकाका हिमालयन उपभोक्ता समूहका कृषक धनबहादुर बम र दुर्गासिह धामी, सगरमाथा उपभोक्ता समूहका कृषक सर्वजित बुढा र योगेश खड्का गरी ४ वटालाई राष्ट्रिय प्रकृतिक संरक्षण कोष कञ्चनपुरका कार्यालय प्रमुख अनिल प्रसागाईले हस्तान्तरण गर्नु भएको थियो। राष्ट्रिय प्रकृतिक संरक्षण कोष कञ्चनपुरका कार्यालय प्रमुख अनिल प्रसागाईले मध्यवर्ती क्षेत्रमा रहेका गरिब तथा विपन्न वर्गको आय आर्जनमा वृद्धि गराई आर्थिक स्तर माथि उकास्ने र खुल्ला चरी चरन रोक्ने उद्देश्य रहेको बताउनुभयो। शुक्लाफाँट उपभोकत्ता समूहका जयराज जोशीले यो कार्यक्रमले आफूलाई बाखा पाल्नमा अग्रसर गरेको, आर्य आर्जनमा सहयोग गर्ने विश्वास लिएको र समुदायका अन्य कृषकलाई पनि सल्लाह दिने बताउनुभयो।

त्रिशक्ति उपभोक्ता समूहकी महिला कृषक विमला साहुले गाउँमा यस्ता उन्नत खाल्लका बोका नपाइने भएकाले आफूलाई राष्ट्रिय प्रकृतिक संरक्षण कोषले बोका वितरण खुशी लागेको र अहिलेको भन्दा राम्रो व्यावसायिक तरिकाले बाखा पाल्नमा लाग्ने उहाँले बताउनुभयो।

## मध्यपहाडी लोकमार्गको पर्वत खण्ड दैनिक सात घण्टा बन्द

पर्वत, (नेस)

मध्यपहाडी लोकमार्गको पर्वत खण्ड शुक्रबारदेखि दैनिक ७ घण्टा बन्द भएको छ। पर्वतको कुस्मा नगरपालिकामा पर्ने चुवाको भीर र मोदी गाउँपालिकामा पर्ने डिमुवा माहुरी भीरमा सडक फराकिलो बनाउने क्रममा सडक बन्द गरिएको हो।

कुस्मा नगरपालिकाको खरेहा खोलादेखि मोदी गाउँपालिकाको अधेरीखोलासम्म विहान १० बजेदेखि दिउँसो १२ बजेसम्म सडक बन्द भइरहेको छ भने दिउँसो १ बजेदेखि ४ बजेसम्म पनि सडक बन्द गरिएको छ। साँझ ६ बजेदेखि राती ८ बजेसम्म पनि सडक बन्द गरेर सडक निर्माणको कामलाई निरन्तरता दिएको छ। निर्माण कम्पनी लामा कन्ट्रक्सन कम्पनीका प्रोजेक्ट म्यानेजर गोविन्द भूसालका अनुसार माहुरी भीरमा २ स्थानबाट सडक फराकिलो बनाउने काम भइरहेको छ भने चुवा भीरमा एक ठाउँबाट काम थालिएको छ। अझै थप स्काभेटर परिचालन गरी दुवै ठाउँमा ३/३ ठाउँबाट सडक फराकिलो बनाउन काम तीव्र बनाउने योजना रहेको भूसालले बताउनुभयो।

'वर्षा याममा यात्रुको चाप पनि कम हुने र सवारी साधन पातलो चल्ने कारणले सात घण्टा सडक बन्द गरेर काम गर्ने निर्णय हो ' प्रोजेक्ट म्यानेजर भूसालले भन्नुभयो-'दुवै कठिन भीरमा दुई महिनाभित्रमा काम सक्ने लक्ष्य राखेर काम गर्देछौं' आयोजनाको पर्वतको प्रवेशद्वारदेखि मालढुंगासम्मको २३ दशमलव ७६९ किलोमिटर स्तरउन्नतीको काम लामा कन्ट्रक्सन प्रालिले जिम्मा लिएको छ। कम्पनीले ८३ करोड ९८ लाख रुपियाँमा पर्वत खण्ड स्तरउन्नतीको कामको ठेक्का लिएको छ। अहिलेसम्म १२ प्रतिशत काम सकिएको कम्पनीले जनाएको छ। यात्रुलाई पनि लगातार बन्द गर्दा समस्या पर्ने भएकाले सडक पनि निर्माण हुने र यात्रुलाई समस्या नहुने गरी बन्द गर्ने निर्णय भएको प्रमुख जिल्ला गुरुदत्त ढकालले बताउनुभयो। चुवा र माहुरी भीरमा पनि सकेसम्म वैकल्पिक सडक बनाएर आवगमन सहज बनाउने प्रयास भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

### पर्वत खण्डमा बन्द हुँदा कास्कीमा समस्या

मध्यपहाडी लोकमार्गमा पर्ने पर्वत खण्डमा सडक बन्द गर्दा कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिकाको गिरीचोक नजिक सडक बन्द गर्न भने समस्या भएको छ। पर्वत खण्डमा बन्द खुलेर पुग्ने सवारी साधनका कारण उही समय तालिकामा सडक बन्द गर्न समस्या भएको निर्माण कम्पनी एपेक्स कन्ट्रक्सन कम्पनीका प्रोजेक्ट म्यानेजर काशीराज बोहराले जानकारी दिनुभयो। समय तालिका नमिल्दा शुक्रबार सडक बन्द नगरेको र काम रोकिएको उहाँले बताउनुभयो। उक्त कम्पनीले दुई महिनादेखि सडक बन्द गरेर उक्त खण्डमा सडक फराकिलो बनाउने काम गर्दै आएको थियो।

बिहान ७ बजेदेखि साढे ८ बजेसम्म, साढे ९ बजेदेखि साढे १० बजेसम्म, दिउँसो साढे १२ बजेदेखि २ बजेसम्म र दिउँसो ३ बजेदेखि ५ बजेसम्म सडक बन्द गर्दै आएको थियो।